# शारदा राजपत्र

## शारदा नगरपालिका द्वारा प्रकाशित

खण्ड ९ संख्या ५२ मिति २०८२।०२।१७


# भाग २

शारदा नगरपालिकाले बनाएको तल लेखिएको बमोजिमको कार्यविधि सर्वसाधारणको लागी प्रकाशन गरीएको छ ।

## मेला महोत्सव व्यवस्थापन कार्यविधि, २०८२

**कार्यपालिकाबाट स्वीकृत मिति: २०८२/०२/१०**
**प्रमाणीकरण मिति: २०८२/०२/१३**

**प्रस्तावना:**

शारदा नगरपालिका भित्र विभिन्न उद्देश्यका साथ सञ्चालन हुने व्यापारिक, धार्मिक, सांस्कृतिक, पर्यटकीय, औद्योगिक तथा उद्यम, शैक्षिक, कृषि आदि प्रर्वद्धनका लागि गरिने विभिन्न मेला महोत्सवलाई व्यवस्थित गराउदै मेला महोत्सवले बोकेका उद्देश्यलाई मूर्तरुप दिने कार्यमा सहयोग पुऱ्याई दर्शक तथा स्रोता मैत्री ढंगबाट मेला महोत्सव सञ्चालन, व्यवस्थापन तथा नियमन गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ उपदफा ७ को अधिनमा रही मिति २०८२ असार २० गतेको नगर कार्यपालिकाको बैठकबाट स्वीकृत गरि यो कार्यविधि लागु गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:**

१) यो कार्यविधिको नाम मेला महोत्सव व्यवस्थापन कार्यविधि, २०८२ रहेको छ ।

२) यो कार्यविधि नगरकार्यपालिकाको बैठकबाट स्वीकृत भई राजपत्रमा प्रकाशन भए पश्चात लागु हुनेछ ।

**२. परिभाषा**

१) "मेला महोत्सव'' भन्नाले शारदा नगरपालिका भित्रका कुनै पनि सार्वजनिक स्थलमा २ दिन भन्दा बढी अवधि सम्म गरिने व्यापारिक, धार्मिक, सांस्कृतिक, साहित्यिक, पर्यटकीय, औद्योगिक तथा उद्यम, शैक्षिक, कृषि आदि प्रर्वद्धनका लागि गरिने विभिन्न मेला महोत्वसलाई जनाउने छ ।

२) ''मूल आयोजक'' भन्नाले मेला महोत्सव सञ्चालन गर्न नगरपालिकाबाट अनुमति प्राप्त संस्था/कार्यालयलाई जनाउने छ ।

३) "नगरपालिका" भन्नाले शारदा नगरपालिका नगरकार्यपालिकाको कार्यालय, सल्यानलाई जनाउने छ ।

४) "विषयगत संस्था वा कार्यालय'' भन्नाले विषयगत क्षेत्रमा काम गर्ने उद्देश्य बोकेको संस्था वा कार्यालयलाई जनाउने छ ।

५) "समिति'' भन्नाले मेला महोत्सव व्यवस्थापन समितिलाई जनाउनेछ ।

**३. यस कार्यविधिको उद्देश्य निम्नानुसार रहेको छ ।**

१) नगरपालिका भित्र सञ्चालन हुने मेला महोत्सव सञ्चालन गर्न सम्बन्धित संस्था वा कार्यालयलाई अनुमति प्रदान गर्ने ।

२) मेला महोत्सवको उद्देश्य पुरा गराउन आवश्यक सहजीकरण गर्ने ।

३) मेला महोत्सवलाई व्यवस्थित गर्ने ।

४) नगरपालिकाको व्यापारिक, धार्मिक, सांस्कृतिक, साहित्यिक, पर्यटकीय, औद्योगिक तथा उद्यम, शैक्षिक, कृषि आदि प्रर्वद्धनमा सहयोग पुर्याउने ।

## परिच्छेद २
## मेला महोत्सव सञ्चालन अनुमति प्रदान विधि

**४. मेला महोत्सव सञ्चालन गर्न नगरपालिकाको अनुमति लिनु पर्ने :**

१) प्रत्येक आर्थिक वर्षको भाद्र मसान्त भित्रमा सो आर्थिक वर्षका लागि शारदा नगरपालिका भित्र मेला महोत्सव लगाउने सम्बन्धी सूचना नगरपालिकाले प्रकाशन गर्नु पर्नेछ । मेला महोत्सव लगाउन चाहने संस्था वा कार्यालयले तपसीलका कागजात सहित अनुसूची १ मा उल्लेख भए अनुसारका विवरण खुलाई असोज १५ गते भित्र प्रस्ताव पेश गर्नु पर्नेछ ।

**पेश गर्नुपर्न कागजातहरु:**

क) संस्था दर्ता प्रमाण पत्र र नवीकरण सहित ।

ख) संस्थाको विधानको प्रतिलिपि ।

ग) लेखापरीक्षण प्रतिवेदन र कर चुक्ता प्रमाणपत्र ।

घ) मेला महोत्सव सञ्चालन हुने स्थानको स्वामित्व प्राप्त व्यक्ति/संस्था/निकायको सहमति ।

ङ) मेला महोत्सव सञ्चालन हुने स्थानमा रहेका हरेक सामाग्री र स्टलहरुलाई समेटेर गरेको वीमाको कागजात ।

च) मेला महोत्सव सञ्चालन गर्ने स्थानमा सि सि क्यामेरा जडान गरेको प्रमाण ।

छ) सुरक्षा निकायको अनुमति पत्र ।

ज) आवश्यक पर्ने अन्य कागजाहरु।

२) प्रस्तावक संस्थाहरुबाट पेश भएका प्रस्तावहरुलाई दफा ७ बमोजिमको मेला व्यवस्थापन समितिद्वारा गठित मूल्यांकन समितिले अनुसूची २ बमोजिमको मापदण्डका आधारमा मूल्यांकन गरि मेला व्यवस्थापन समिति समक्ष पेश गर्ने छ। मूल्यांकन समितिको सिफारिशका आधारमा व्यवस्थापन समितिले कम्तीमा २ आ.व. सम्म एउटा संस्था मूल आयोजकमा नदोहोरीने गरि तोके बमोजिमको शर्त राखी मेला महोत्सव सञ्चालन अनुमति अनुसूची ३ को ढाँचामा नगरपालिकाले दिनेछ । तर मेला आयोजना गर्न एक मात्र संस्थाको निवेदन वा निवेदन गर्ने मध्ये सबैले एक मात्र संस्थालाई मञ्जुरी दिएको आधारिक पत्र प्राप्त भएमा एकै संस्था दोहरिएमा फरक पर्ने छैन ।

३) प्रत्येक आर्थिक वर्षमा एक क्षेत्रगत विषयमा बढीमा १ वटा भन्दा बढी मेला महोत्सव सञ्चालन गर्न नगरपालिकाले अनुमति दिने छैन । तर नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारका वार्षिक कार्यक्रम अनुसार गरिने सरकारी निकाय मूल आयोजक हुनेमा यो दफा लागु हुने छैन ।

४) दफा ३ बमोजिमका सरकारले कुनै मेला महोत्सव लगाउनु पर्ने भएमा मेला महोत्सव सञ्चालनका लागि प्रस्तावित दिन भन्दा ३५ दिन अगावै नगरपालिकामा प्रस्ताव पेश गर्नु पर्नेछ ।

५) चालु आ.व.मा समेत यो कार्यविधि लागु भएपछि १५ दिनको समय दिई एक पटकका लागि प्रस्ताव पेश गर्ने अवसर दिइनेछ । प्राप्त भएका प्रस्तावहरुको अध्ययन गरि बढीमा १ वटा मेला महोत्सव सञ्चालन गर्न नगरपालिकाले अनुमति दिन सक्नेछ । नगरपालिकाबाट चालु आ.व.मा मेला सञ्चालन गर्न अनुमति लिइ सकेका संस्थाले समेत यसै प्रकृयामा आउनु पर्नेछ ।

६) मेला महोत्सव सञ्चालन गर्ने स्थान मूल आयोजकले प्रस्ताव गर्न सक्नेछ पेश भएको स्थानका बारे नगरपालिकाले संभाव्यता अध्ययन गरि मेला महोत्सव व्यवस्थापन समितिले तोके बमोजिम हुनेछ ।

७) २ दिन भन्दा कम अवधिको हकमा तोकिए बमोजजिमको शर्त राखी नगरपालिकाले अनुमती दिनेछ ।

**५. मूल आयोजकले धरौटी राख्नु पर्नेः** मेला महोत्सवको उद्देश्य कोष वृद्धि वा आय आर्जन समेत भएकोले मेला महोत्सव अनुमति बापत नगरपालिकालाई रु १,००,०००/- (अक्षेरुपी एक लाख मात्र) शुल्क बुझाउनु पर्नेछ । सो बाहेक मनोरञ्जन कर बापत लाग्ने कर प्रस्तावमा उल्लेखित अपेक्षित रकमको कम्तीमा ५ प्रतिशत अनुमति लिंदाका बखत धरौटी राख्नु पर्नेछ । अपेक्षित रकम एकिन नभएमा न्यूनतम रु.१,००,०००/- (अक्षेरुपी एक लाख मात्र) मा नघट्ने गरि मेला महोत्सव व्यवस्थापन समितिले तोके बमोजिमको धरौटी राख्नु पर्नेछ । सो धरौटी रकम मेला महोत्सव समाप्ती संगै उद्देश्य अनुसारको कार्य गर्न थालनी भए पछि नगरपालिकाले धरौटी फिर्ता दिनेछ । मेला महोत्सव सञ्चालन अनुमति प्रदान गर्दा नगरपालिकाले तोकेका मेला महोत्सव व्यवस्थापनका शर्तहरु पालना नगरेमा धरौटी रकम नगरपालिकाले जफत गर्न सक्नेछ । लक्ष्य अनुसारको आर्थिक संकलन गर्ने उद्देश्य अनुसारका काम गर्ने मूल आयोजकलाई नगरपालिकाले थप प्रोत्साहन एवं सहकार्य वापत रकम उपलब्ध समेत गराउन सक्नेछ ।

**६. व्यवसायकर तथा मनोरजंन करः** मेला महोत्सवमा रहने व्यवसायिक स्टलहरुले व्यवसायको किसिम अनुसूची ४ मा उल्लेख भए बमोजिम अनुसारको मेला अवधि भरको व्यवसाय कर स्टल बुकिङ्ग संगै मेला आयोजक मार्फत नगरपालिकालाई बुझाउनु पर्नेछ भने मनोरञ्जन करका हकमा प्रत्येक टिकटमा टिकट दरको ५ प्रतिशत मनोरञ्जन कर मेला महोत्सव सम्पन्न भएको १ हप्ता भित्र नगरपालिकामा दाखिला गर्नु पर्नेछ । गैर व्यवसायिक सन्देशमूलक स्टलहरुका हकमा नगरपालिकाले छुट दिन सक्नेछ । यसरी संकलित कर नगरपालिकाले मेला महोत्सव प्रर्वद्धन कोषमा छुट्टै जम्मा गरि सोही प्रयोजनमा मात्र खर्च गर्न सक्नेछ।

## परिच्छेद ३
## मेला महोत्सव व्यवस्थापन समिति

**७. मेला महोत्सव व्यवस्थापन समतिको गठन :**

१) नगरपालिका भित्र मेला महोत्सव सञ्चालनको अनुमति प्रदान तथा नियमन सम्बन्धी कार्य गर्नको लागि देहायएको मेला महोत्सव व्यवस्थापन समिति रहनेछ ।

क) नगर प्रमुख - अध्यक्ष

ख) नगर उपप्रमुख -सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

घ) प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय, सल्यान (अधिकृतस्तरको कर्मचारी) -सदस्य

ङ) प्रतिनिधि, जिल्ला प्रहरी कार्यालय, सल्यान (अधिकृतस्तरको कर्मचारी) -सदस्य

च) मेला महोत्सव सञ्चालन हुने वडाको वडा अध्यक्ष -सदस्य

छ) प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत -सदस्य सचिव

२) मेला महोत्सवको प्रकृति अनुसार सो सम्बन्धी व्यवसायिक छाता संगठनका प्रतिनिधि, विज्ञ वा जानकार विषयगत निकायका प्रमुखलाई आवश्यकताका आधारमा समितिको बैठकमा अध्यक्षले आमन्त्रण गर्न सक्नेछ ।

३) मेला महोत्सव व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारः

यस समितिको काम कर्तव्य र अधिकार निम्नानुसार हुनेछ।

क) मेला महोत्सव सञ्चालन गर्न अनुमति प्रदान गर्ने ।

ख) सम्झौताका शर्त बमोजिम मेला महोत्सव व्यवस्थापन भए नभएको अनुगमन गर्ने र शर्त बमोजिम नभएमा शर्तको पालना गर्न लगाउने, तोकिए बमोजिमको दण्ड सजाय गराउने ।

ग) मेला महोत्सवको उद्देश्य अनुसारको कार्य गरे नगरेको अनुगमन गर्ने, मूल आयोजकलाई उद्देश्य अनुसारका कार्य गर्न लगाउने ।

घ) आवश्यकता अनुसार मेला महोत्सवका लागि पेश भएको प्रस्ताव मूल्यांकन टोली, मेला महोत्सव अनुगमन टोली वा कर्मचारी तोकि व्यवस्थापन एवं अनुगमनको कार्य गराउने ।

ङ) मेला महोत्सव सञ्चालनका क्रममा देखा पर्ने सुरक्षा सम्वेदनशीलताका बारेमा जिल्ला सुरक्षा समितिसंग परामर्श लिने ।

च) कुनै विशेष कारण समितिले देखेमा जिल्ला सुरक्षा समितिसँग आवश्यक समन्वय गरी मेला महोत्सव स्थगन वा बन्द गर्ने ।

## परिच्छेद ४
## मूल आयोजकले पालना गर्नु/गराउनुपर्ने शर्तहरु

**८. दर्शक तथा सम्पत्ति वीमा दर्शक सुरक्षा व्यवस्थापन:**

१) मेला महोत्सव प्रस्तावकको प्रस्ताव स्वीकृत भए पश्चात अनुमति पूर्व मूल आयोजक संस्थाले मेला महोत्सव भित्र जाने सम्पूर्ण सहभागी सबैको दुर्घटना र मेला महोत्सव स्थल भित्रका सम्पत्तिको मेला महोत्सव अवधि भित्रको अनिवार्य वीमा गर्नु पर्नेछ ।

२) मेला महोत्सव स्थलमा सि सि क्यामेरा जडान तथा अन्य सुरक्षा व्यवस्था चुस्त राख्नु पर्नेछ ।

३) मेला महोत्सव स्थल भित्रको सम्पूर्ण सुरक्षा व्यवस्था मूल आयोजकले गर्नु पर्नेछ ।

**९. खानेपानी तथा फोहर मैला व्यवस्थापन :**

१) मूल आयोजकले कार्यक्रम स्थलमा महिला पुरुषका लागि छुट्टा छुट्टै आवश्यकता अनुसारका शौचालय अनिवार्य व्यवस्था गर्नु पर्नेछ ।

२) मेला महोत्सव स्थलमा दैनिक अनिवार्य सरसफाईको प्रबन्ध गर्नु पर्नेछ, धुलो रहित बनाउन समय समयमा पानी अनिवार्य छर्कनुपर्नेछ ।

३) मेला महोत्सव स्थलमा होटल रेष्टुरेन्टको फोहर पानीको उचित व्यवस्थापन गर्नु पर्नेछ जथाभावी बगाउन पाइने छैन ।

४) मेला महोत्सव हेर्न आउने दर्शकका लागि मेला महोत्सव स्थल भित्र पर्याप्त मात्रामा खानेपानीको प्रबन्ध गर्नुपर्नेछ ।

५) मेला महोत्सव समाप्ती पश्चात सामाग्री उठाउन पूर्व स्थलको पूर्णरुपमा सरसफाई गर्नु पर्नेछ । स्टल निर्माण र शौचालय एवं फोहर व्यवस्थापनका लागि खनिएका खाल्डाहरु पुरि सम्याउनुपर्नेछ । मेला महोत्सवको सर्पूण सामाग्री मेला महोत्सव समाप्ती पश्चात ७ दिन भित्र उठाइ सक्नु पर्नेछ भने मेला महोत्सव तयारीका क्रममा समेत सोको तयारीका लागि १५ दिन अगाडि सामाग्री खसाल्न एवं स्टल तयारको कार्य गर्न पाइनेछ ।

**१०) ध्वनी व्यवस्थापन**: मेला महोत्सव स्थल भन्दा बाहिर ध्वनी जाने गरि माइक (हरन) लगाउन पाइने छैन । मेला महोत्सव भित्र मात्र सुन्न सकिने गरि स्पीकर साउण्डको प्रयोग गर्नु पर्नेछ ।

**११) अनुमति बेगरका काम गर्न नहुने**: मेला महोत्सव व्यवस्थापन समितिद्धारा स्वीकृत प्रस्ताव बमोजिमका स्टल, कार्यक्रम, मनोरञ्जन स्टल बाहेकका अन्य कार्य गर्न गराउन पाइने छैन । कुनै कारणवस प्रस्तावमा उल्लेख भएको बाहेक फरक काम गर्नु पर्ने अवस्थामा समितिको पूर्व स्वीकृती लिनु पर्नेछ ।

**१२) स्टल बुकिङ्गमा स्थानीय आरक्षण व्यवस्थापन**:

१) मेला महोत्सवमा राखिने स्टलमा स्थानीयतालाई प्राथमिकता दिन निम्नानुसारको कोटा बमोजिम गर्नुपर्नेछ ।

**कोटा निर्धारण निम्न  बमोजिम हुनुपर्ने**:

क) सूचना एवं सन्देशमूलक प्रर्दशनीका लागि न्यूनतम् १० प्रतिशत

ख) कर्णाली प्रदेश भित्र उत्पादन हुने वस्तुको लागि स्टल न्यूनतम् २० प्रतिशत

ग) शारदा भित्रका व्यवसायीका लागि स्टलमा न्यूनतम् २० प्रतिशत

घ) नयाँ प्रविधि प्रर्दशन एवं बिक्रि स्टल न्यूनतम १० प्रतिशत

ङ) सवै व्यवसायीका लागि खुल्ला स्टल ४० प्रतिशत

२) स्टलहरु मध्ये दफा १२ उपदफा १(क) उल्लेखित स्टलमा न्यूनतम् ३० प्रतिशत, (ख) मा उल्लेखित स्टलका लागि २० प्रतिशत र १ (ग) मा उल्लेखित स्टलका लागि न्यूनतम् १० प्रतिशत तोकिएको भाडामा छुट दिनेगरि बुकिङ्ग गर्न सक्ने व्यवस्था मिलाउनु पर्नेछ ।

३) दफा १२ उपदफा १ बमोजिम वितरण गरिएका कोटा बमोजिम स्टल वितरणका लागि कम्तीमा १ हप्ताको स्टल बुकिङ्ग खुल्ला गरे पश्चात बाँकी रहेका स्टलमा जुनसुकै व्यवसायीहरु आई व्यवसाय गर्न पाउने गरि मूल आयोजकले सूचना आव्हान गर्नुपर्नेछ ।

**१३. प्राथमिक उपचारको व्यवस्था**: मेला महोत्सव स्थल भित्र प्राथमिक उपचारको अनिवार्य व्यवस्था मिलाउनु पर्नेछ ।

**१४.** जुवा, तास लगाएत कानून बमोजिम निषेधित कार्य गर्न गराउन पाइने छैन ।

**१५. मदिरा तथा धुम्रपान निषेध**: मेला महोत्सव स्थल भित्र मदिरा तथा धुम्रपान सेवन र बिक्रि वितरण गर्न गराउन पाइने छैन ।

**१६.** राष्ट्रियता तथा स्थानीय सामाजिक सांस्कृतिक मर्यादामा आंच आउने क्रियाकलाप गर्न गराउन पाईने छैन ।

**१७. स्थानीयतालाई प्राथमिकता**: मेला महोत्सवमा गरिने हरेक गतिविधिमा स्थानीयतालाई प्राथमिकता दिनु पर्नेछ । कला संस्कृति प्रर्दशन गर्दा स्थानीय कला संस्कृति र कलाकारलाई प्राथमिकता दिनु पर्नेछ ।

**१८.** मेला महोत्सवलाई व्यापारिक स्थलका रुपमा मात्र नहेरी स्थानीयता प्रर्वद्धन तथा आधुनिक प्रविधि भित्र्याउने थलोका रुपमा अगाडि बढाउन विभिन्न स्थानीय परिवेश सुहाउँदो अन्तरक्रियात्मक कार्यक्रमहरु गर्नुपर्नेछ ।

**१९. आम्दानी खर्च सार्वजनिक गर्नु पर्ने**: मेला महोत्सव सम्पन्न भएको १ महिना भित्र मेला महोत्सवमा भएको आम्दानी खर्चको विवरण सहितको प्रतिवेदन नगरपालिकामा बुझाउनुका साथै पत्रकार सम्मेलन गरि आम्दानी खर्च सार्वजनिक समेत गर्नु पर्नेछ।

**२०. मेला महोत्सव** व्यवस्थापन समिति वा तोकिएको कर्मचारीले महोत्सवका हरेक गतिविधिको अनुगमन गर्न सक्नेछ। यसरी अनुगमनका लागि नगरपालिकाबाट खटिएको टोली वा कर्मचारीलाई मेला महोत्सव स्थल भित्रका हरेक गतिविधि अनुगमन गर्न मूल आयोजकले व्यवस्था मिलाउनु पर्नेछ। अनुगमनका क्रममा सम्झौता बमोजिम आयोजकले पालना गर्नु पर्ने काम नगरेका वा कुनै कमी कमजोरी देखिएमा सो को सुधारका लागि अनुगमन टोलीले दिएको सुझाव पालना गर्नुपर्नेछ। पालना नगरेमा तोकिए बमोजिमको दण्ड जरिवाना हुनेछ।

## परिच्छेद ५ विविध

**२१. मूल आयोजक बन्न सक्ने आवेदकहरुः**

१) देहायका संघ सस्थाले मूल आयोजक बन्न आवेदन दिन सक्नेछन्।

क) कृषि, पर्यटन र व्यापार मेलाका लागि विषयगत व्यवसायीहरुको छाता संगठनहरु।

ख) धार्मिक, सांस्कृतिक महोत्सवका लागि धार्मिक तथा सामाजिक संघ संस्थाहरु

ग) शैक्षिक, कला, साहित्य तथा सांस्कृतिक, खेलकूद तथा अन्य विषयगत मेला महोत्सवका लागि : विषयगत संघ संस्था तथा उत्पादकहरु।

२) प्रस्तावक संस्थाहरुको विधानमा सम्बन्धित विषयमा प्रर्वद्धन गर्ने उद्देश्य प्रस्टरुपमा उल्लेख भएको हुनुपर्नेछ।

३) माथि जे सुकै उल्लेख भएता पनि भिन्ना भिन्नै विषयगत संस्थाहरुले संयूक्त रुपमा आयोजक बनी आ-आफ्ना उद्देश्य अनुसारका मेला महोत्सव सञ्चालन गर्न पाउनेछन्।

४) संस्थाको विधानमा मेल नखाने किसिमका मेला महोत्सव सञ्चालन गर्न अनुमति दिईने छैन।

**२२. आवेदकले देहायका शर्तहरु पुरा गरेको हुनु पर्नेछ।**

क) नियमानुसार संस्था दर्ता र नवीकरण भएको।

ख) नियमित लेखापरीक्षण र कर चुक्ता गर्ने गरेको।

ग) नगरपालिकालाई नियमित रुपमा तिर्नु पर्ने कर तथा दायित्व तिरेको।

**२३.** नगरपालिकासंग गरिएको शर्त पुरा नगर्नेलाई ५ वर्ष सम्म मेला महोत्सव सञ्चालन गर्न नगरपालिकाले रोक लगाउने छ साथै मेला महोत्सवको रकम दुरुपयोग गर्ने उपर नगर कार्यपालिकाले तोके बमोजिमको जरिवाना गरिनेछ।

**२४. टिकटदर निर्धारण :**

१) मेला महोत्सव स्थलमा प्रवेश गरेवापत प्रवेश शुल्क (टिकट) लिने व्यवस्था भएमा नगरपालिकाले प्रत्येक आर्थिक वर्षमा निर्धारण गरेको शुल्कमा मूल आयोजकले प्रस्तावमा जेष्ठ नागरिक, अपांङ्ग र विद्यार्थीका लागि सहुलियत सहित प्रवेश शुल्क दर प्रस्ताव गर्नेछ आयोजकबाट पेश भएको प्रवेश शुल्कदरलाई मेलामा हुने गतिविधिका आधारमा व्यवस्थापन समितिले तोके बमोजिम हुनेछ।

२) मेला महोत्सवमा राखिने विभिन्न मनोरञ्जन तथा खेलकूद कार्यक्रममा लाग्ने प्रवेश शुल्कको अधिकतम दर निम्नानुसार मनोरञ्जन समय सीमाका आधारमा हुनेछ।

**मनोरञ्जन करको दर निम्नअनुसार हुनेछः**

क) ५ मिनेट भन्दा कम समय मनोरञ्जन हुनेमा अधिक्तम रु. ५० सम्म

ख) १५ मिनेट सम्म मनोरञ्जन हुनेमा अधिक्तम रु. ७५ सम्म

ग) ३० मिनेट सम्म मनोरन्जन हुनेमा अधिक्तम रु. १०० सम्म

घ) ३० मिनेट भन्दा बढी समयको मनोरञ्जन हुनेमा अधिक्तम रु. १५० सम्म

३) सामान्यतया मनोरञ्जन कर बाहेक प्रवेश शुल्क दर रु १०० हुनेछ।

४) प्रवेश शुल्क दर र मनोरञ्जन स्टल प्रवेश दर मेला महोत्सव व्यवस्थापन समितिले समय सापेक्ष परिवर्तन गर्न सक्नेछ।

**२५. मेला महोत्सवको अवधिः**

१) धार्मिक र खेलकूद मेला महोत्सव बाहेक अन्य प्रकृत्तिका व्यवसायिक स्टलहरु राखि गरिने मेला महोत्सवको अनुमति अधिकतम १० दिन सम्मको हुनेछ तर मेलामा दर्शकको चाप तथा आयोजकले मेला अवधि थप गर्नु पर्ने उपयूक्त कारण सहित सुरक्षा निकायको सहमति सहित निवेदन दिएमा व्यवस्थापन समितिले म्याद थपको कारण मनासिव देखेमा बढीमा ५ दिन सम्म म्याद थपको अनुमति नगरपालिकाले दिन सक्नेछ र सो समयका लागि थप अनुमति दस्तुर तिर्नु पर्नेछ।

२) धार्मिक तथा सांस्कृतिक मेला महोत्सवका हकमा विहान ५:०० देखि साझ ९:३० बजे सम्म र अन्य व्यवसायिक स्टल तथा मनोरंजनात्मक एवं सांगीतिक कार्यक्रम हुने मेलाको हकमा बिहान १२:०० बजे देखि सांझ ६ बजे सम्म हिंउदमा र अन्य समयमा सांझ ७.३० बजे सम्म मेला महोत्सव सञ्चालन गर्न पाइनेछ।

३) धार्मिक तथा सांस्कृतिक, खेलकूद र व्यवसायिक स्टल नराखी गरिने मेला महोत्सवको अवधिका हकमा प्रस्तावकले पेश गरेको प्रस्तावका आधारमा सो को औचित्यता हेरी व्यवस्थापन समितिले तोके बमोजिम हुनेछ।

**२६. दण्ड जरीवानाः**

मुल आयोजक समितिले व्यवस्थापन समितिबाट प्राप्त स्वीकृती बेगर अन्य काम कारवाही गरेमा नगरपालिकाले देहाय बमोजिम दण्ड जरिवाना गर्नेछ।

१) कानुन विपरितका कार्य गरेमा वा गराएमा पहिलो पटक रु. १०,०००।- र पटकै पिच्छे दोब्बर जरिवाना असुल गरिनेछ।

२) ध्वनी प्रदुषण वा वातावरण प्रदुषण गरेमा रु. ५,०००।- र वातावरण प्रदुषण हटाउन लाग्ने रकम असुल गरिनेछ।

३) अनुगमन टोलीको सूझाव पालना नगरेमा रु ५,०००। जरिवाना र ३ पटक भन्दा बढी पटक गल्ती दोहोराएमा मेला सञ्चालनमा रोक लगाइनेछ र उक्त संस्थालाई ५ वर्ष सम्म मेला महोत्सव लगाउन प्रतिवन्ध लगाइने छ।

४) तोकिएको समयसीमा भन्दा बढि समय मेला महोत्सव सञ्चालन गरेमा प्रतिदिन रु. २५,०००।- का दरले जरिवाना लाग्नेछ।

**२७. प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएका प्रावधानहरु यसै कार्यविधि बमोजिम हुने र यसमा उल्लेख नभएकाको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

**२८. बाधा अड्काउ फुकाउः** यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन आएमा नगरकार्यपालिका बैठकको निर्णय बमोजिम हुनेछ।

**२९. संसोधन तथा खारेजीः** यो कार्यविधिको संशोधन वा कुनै दफा खारेजी गर्नु परेमा नगर कार्यपालिकालाई पूर्ण अधिकार हुनेछ।

**अनुसूची १**

**(दफा ४ (१) सँग सम्बन्धित)**

**आवेदक संस्थाले प्रस्तावमा खुलाउनु पर्ने न्यूनतम् विषयहरु**

१) **आवेदक संस्थाको परिचय**ःनाम, दर्ता, नवीकरण, उद्देश्य, पछिल्ला ३ वर्षका साधारण सभाको मिति, पूर्व अनुभव, हाल सम्म गरेको उल्लेखनीय काम ।

२) **मेला महोत्सवका विषयमा**ः मेला महोत्सवको नाम, स्थान, समय, अवधि, उद्देश्य, पूरा गर्ने रणनीति, मेला महोत्सवमा गरिने गतिविधिहरुको विवरण ।

३) **मेला महोत्सवको आर्थिक पक्ष**ः मेला महोत्सव सञ्चालन गर्न आवश्यक रकम, उपलब्धताको श्रोत, कार्यक्रम पश्चात आर्थिक लाभ हुने नहुने, हुने भएमा सो रकम र बचत रकमको उपयोग क्षेत्र, टिकट दर, टिकटमा विशेष छुट नीति

४) **मेला महोत्सवको व्यवस्थापन पक्षः**

- व्यवसायिक स्टल रहने नरहने, सन्देशमूलक एवं क्षेत्रगत प्रर्वद्धनमूलक स्टल के के रहने ? व्यवसायिक स्टलहरु के कति रहने, स्टल वितरण प्रकृया के कस्तो रहने ।
- दर्शक मैत्री नीति (शान्ति सुव्यवस्था, सरसफाई, शौचालय, खानेपानी, प्राथमिक उपचार, टिकटमा छुट आदि) के के छन् ।
- स्टलहरु रहने भएमा वितरण नीति ।

५) **मेला महोत्सवका आर्कषणका विषयहरु के के हुने ।**

६) **मेला महोत्सव सञ्चालन पछि देखिने उपलब्धी ।**

## अनुसूची २

**(दफा ४ (२) सँग सम्बन्धित)**

मूल आयोजक छनौटका लागि मूल्यांकन आधारहरु

१) संस्थाको प्राथमिकीकरण (दर्ता मितिका आधारमा)

२) संस्थाको वैधानिकता (नियमित नवीकरण, साधारण सभा आदि भएको)

३) मेला महोत्सवले शारदाको व्यापारिक, धार्मिक, सांस्कृतिक, पर्यटकीय, औद्योगिक तथा उद्यम, शैक्षिक आदि प्रर्वद्धनमा हुने योगदान। (शारदालाई प्रत्यक्ष फाइदा पुग्नेलाई प्राथमिकता दिइने)

४) मेला महोत्सवका लागि प्रस्तावित दिन (जति सक्यो कमलाई प्राथमिकता दिइने )

५) मेला महोत्सवबाट आय आर्जन हुने भएमा सो को लगानीको क्षेत्र। (सार्वजनिक लाभलाई प्राथमिकता दिइने)

६) हाल सम्म मेला महोत्सव सञ्चालन गर्ने अवसर पाए नपाएको। (नपाएकालाई प्राथमिकता दिइने)

७) विगतमा मेला महोत्सव सञ्चालनबाट संकलित रकमको सदुपयोग अवस्था। (सदुपयोग गरेकोलाई प्राथमिकता दिइने)।

**अनुसूची ३**

**(दफा ४ (२) सँग सम्बन्धीत)**

मेला महोत्सव सञ्चालन अनुमतिको ढाँचा

शारदा नगरकार्यपालिकाको कार्यालय

खलंगा, सल्यान

मितिः……………………….

विषय: मेला महोत्सव सञ्चालन अनुमति पत्र ।

श्री………………………………..

…………………………………….

त्यस संस्थाले यस नगरपालिका क्षेत्र भित्र मेला महोत्सव सञ्चालनका लागि यस नगरपालिकाबाट अनुमति माग गरेको सन्दर्भमा यस नगरपालिकाको मेला महोत्सव व्यवस्थापन कार्यविधि, २०८२ को दफा ४ बमोजिम त्यस संस्थालाई सोहि कार्यविधिको पूर्ण पालना गर्दै निम्नानुसारका शर्तहरु अनिवार्य पालना गर्ने गराउने गरि निम्नानुसारको मिति, समय र स्थानमा मेला महोत्सव सञ्चालन गर्न मिति २०८……… गते बसेको मेला महोत्सव व्यवस्थापन समितिको बैठकको निर्णयानुसार यो अनुमति पत्र प्रदान गरिएको छ।

**मेला महोत्सव सञ्चालन अनुमति प्राप्त**

मेला महोत्सवको नामः……………………..

मेला सञ्चालन हुने मिति …………..देखि ……………..सम्म ।

समय: प्रत्येक दिन बिहान….. बजे देखि…………………. बजे सम्म ।

स्थानः………………………………

……………………..

प्रमुख प्रशासकीय अधिकृत

**अनिवार्य पालना गर्नु पर्ने शर्तहरु**

- कार्यविधिको दफा ८ देखि २० उल्लेखित बुँदाहरु
- कार्यविधिको दफा २४

**वोधार्थ**

श्री जिल्ला प्रशासन कार्यालय, सल्यान

श्री जिल्ला प्रहरी कार्यालय, सल्यान।

**अनुसूची ४**

**(दफा ६ सँग सम्बन्धित)**

मेला महोत्सव भित्र व्यवसाय गर्ने व्यवसायीहरुको पटके व्यवसाय तथा मनोरञ्जन कर (मेला अवधिभर)

क) व्यवसायिक फर्महरुको स्टलमा प्रति स्टल सम्बन्धित क्षेत्रका लागि तोकिएको व्यवसायको करको दरलाई आधारमानी सो को २५ प्रतिशत रकम ।

ख) प्रवेश शुल्क र मेलामा लगाइने विभिन्न मनोरञ्जनात्क तथा साहसिह खेलहरुमा लगाइने शुल्कको ५ प्रतिशत रकम ।

आज्ञाले,
ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत